# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, नेपालगंज, बाँकेका खाद्य अनुसन्धान अधिकृत (कार्यालय प्रमुख) विनोदकुमार श्रीवास्तवले भन्सारबाट आयात हुने चामललगायत अन्य सामानहरुको कानूनबमोजिमको चेकजाँच दस्तुर बुझाए पनि प्रज्ञापन-पत्र बनाइदिने तथा भन्सार चेक एवं गुणस्तर (ल्याब परीक्षण) लगायतको काममा सहजीकरण गरिदिए वापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज खाद्य अनुसन्धान अधिकृत विनोद कुमार श्रीवास्तवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.३५,०००।- (पैंतीस हजार मात्र ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)

उप-सचिव एवं सहायक प्रवक्ता